विष्णुपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कृषि विकास शाखा
विष्णुपुर, सप्तरी
२ नं. प्रदेश, नेपाल

प्रथम पटक सूचना प्रकाशित मिति : २०७७/११/१७

पत्र संख्या : २०७७/०७८

दास्रो पटक सूचना प्रकाशित मिति २०७८।०१।२१

## *सूचिकृत तथा प्रस्ताव अव्हानको सूचना*

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाका ४ वटा संभागहरु मध्ये भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय सिंहदरवार काठमाण्डौंको शसर्त अनुदान कार्यक्रम अन्तर्गत विष्णुपुर गाउँपालिका सप्तरी मार्फत संचालन हुने व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम संचालन गर्न चाहने इच्छुक कृषक समुह, कृषि सहकारी, कृषि उद्यमी, फर्म, जलउपभोक्ता समितिले देहायका पूर्वाधार भएको/ हुन सक्ने शर्तमा यस गा.पा.कावाट १ वटा पकेट रहने गरी खाद्यान्न वालीको हकमा २० हेक्टर(६०० कट्ठा), आलु तथा तरकारी वालीको हकमा २० हेक्टर(६०० कट्ठा), फलफूलवालीको हकमा १० हेक्टर(३०० कट्ठा), प्लाष्टिक घरमा तरकारी खेती १०००० वर्ग मिटरमा(३० कट्ठा) एउटै कोरीडोरमा चक्लावन्दीमा रहने गरि गाउँकार्यपालिकाको मिति २०७८/०१/१५ गतेको निर्णायानुसार प्रयाप्त प्रस्तावहरु नपरेको हुंदा पन: सूचना प्रकाशन गर्ने भनि निर्देशानुसार मिति २०७८/०१/२१ गते देखी लागु हुने गरि १५ दिन भित्र पुन: सूचिकृत तथा प्रस्ताव अव्हानको सूचना प्रकाशन गरिएका हुंदो तपसिल बमोजिमको विवरणहरु संलग्न राखी १५ दिन भित्र ( मिति २०७८/०२/०४ गते सम्म ) सूचिकृतको लागि प्रस्ताव पेश गर्न हुन सम्वन्धित सबैमा जानकारीको लागि अनुरोध छ।

<u>शर्तहरु</u>

१. सडकको पहुँच भएको वा हुन सक्ने
२. विद्युतको उपलब्धता भएको वा हुन सक्ने
३. तोकिएको क्षेत्रफल चक्लाबन्दी भएको वा हुन सक्ने वा एउटै कोरिडोरमा रहेको
४. सिंचाईको उपलब्धता भएको वा हुन सक्ने
५. वित्तिय संस्थाहरुको पहुच भएको वा हुन सक्ने

..............................
ललन कुमार यादव
प्रमुख प्रशासकीय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत

<u>तपसिल</u>

१. अनुसूची १० बमोजिमको आवेदन फारममा रु १० को टिकट टासी रित्तपूर्वक भरेको तथ्यांक र प्रस्तावना सहितको निवेदन।
२. गा.पा.को राजस्व शाखावाट रु. ३००/- रकम वुझाएको रसिद।
३. सम्वन्धित निकायमा दर्ता भएको कृषक समुह, कृषि सहकारी, कृषि उद्यमी, फर्म, जलउपभोक्ता समिति दर्ता तथा नविकरण भएको प्रमाणपत्रको प्रतिलिपी।
४.आफूले संचालन गर्ने कृषि बाली एकिन गरी संस्थाको निर्णय सहित पेश गर्नु पर्ने छ।
५.फर्म/सहकारीको हकमा PAN No सहित २०७६/०७७ को अडिट प्रतिवेदन र कर चुक्ताको प्रमाण्पत्रको प्रतिलिपी।
६. कार्यक्रम संचालन हुने स्थानको (जग्गा जमिन) स्वामित्व खुल्ने कागजात वा भाडाको जग्गा भएमा कम्तिमा ५ वर्षको सम्झौतामा वा सार्वजनिक जग्गा भएमा सम्वन्धित स्थानिय निकायको कम्तिमा ५ वर्षको सहमति पत्र।
७. वडा कार्यालयको सिफारिस।
८. निवेदकको नागरिकता वा परिचय खुल्ने प्रमाणपत्रको प्रतिलिपी।
९. एउटै समुह/सहकारी/फर्म संस्थासंग उल्लेखित क्षेत्रफलमा जग्गा नभए अन्य समुह/सहकारीसंग मिली सहमति गरी एउटै कोरिडोरमा पकेट कार्यक्रमको लागि अलग-अलग पेश गर्न सकिनेछ।
१०. आवेदन साथ पेश गरेका सम्पूर्ण कागजातहरुको प्रमाणित प्रतिलिपी पेश गर्नु पर्ने छ।
११. व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) स्वीकृत गर्ने सम्वन्धि अधिकार यस गा.पा.मा सुरक्षित रहनेछ।
१२. पकेट संचालन सम्वन्धि नयाँ कार्यविधि २०७७ अनुसार २ वर्ष सम्म कुनै संस्थावाट अनुदान लिइसकेका पुराना पकेटहरु यसमा भाग लिन पाउने छैन।
१३. स्थानिय वा अन्य कुनै निकायवाट पकेट, ब्लक, चकलाबन्दी खेती वा जोन संचालन गरेको कृषक समुह सहकारी वा अन्य कुनैले आवेदन दिन पाउने छैन।

नोट :- अनुसूची १० अनुसारको निवेदन फारम विष्णुपुर गा.पा.को कृषि विकास शाखावाट प्राप्त गर्नु हुन।